तपाईंको बीमा हाम्रो प्रतिवद्धता

# नवौं वार्षिक प्रतिवेदन २०७०

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

Lumbini General Insurance Company Limited

# सञ्चालक समिति



**मनोहर दास मुल**
अध्यक्ष

**कमल भट्टराई**
संचालक
(सर्वसाधारण शेयरधनीको तर्फबाट)

**अरुण राज श्रेष्ठ**
संचालक

**शंकर घिमिरे**
संचालक

**चिन्तामणि भट्टराई**
संचालक

**प्रताप कुमार आचार्य**
संचालक
(सर्वसाधारण शेयरधनीको तर्फबाट)

**विश्व राज रेग्मी**
संचालक

---

**देबेन्द्र कोइराला**
कम्पनी सचिव

**लेखापरीक्षक**
के.वि. चित्रकार एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेन्ट

**श्री सञ्चालक समिति,**
**लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड**
**ज्ञानेश्वर, काठमाडौं ।**

**बिषयः प्रतिनिधि नियुक्त गरेको**

महाशय,

........................................जिल्ला ............................................न.पा./गा.बि.स., वडा नं. ............बस्ने म/हामी ........................................... ..............................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले आगामी २०७०/१२/२७ गते बिहिबारका दिन हुने नवौं बार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ................................................... जिल्ला...................................न.पा./गा.बि.स., वडा नं. ............ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..........................................................लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको: | निवेदकः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| शेयरधनी परिचय नं.: | शेयरधनी परिचय नं.: |
| | शेयर संख्याः |
| | मितिः |

---

लुम्बिनी जनरल इन्स्योरेन्स कं.लि.को नवौं साधारण सभामा उपस्थितिको लागि जारी गरिएको

## प्रवेश–पत्र

शेयरधनीको नामः ............................................................... शेयरधनी परिचय नं.: ..............................
शेयर संख्याः ................

शेयरधनी/प्रतिनिधिको दस्तखतः ....................................................... ................................
(कम्पनी सचिव)

# प्रतिवेदनमा समाविष्ट सामग्रीहरु


| क्र. सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | नवौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान तथा छलफलको लागि बिषय सूचि | १ |
| २ | साधारण सभा सम्बन्धी सामान्य जानकारी | २ |
| ३ | नवौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन | ३ |
| ४ | २०६९/०७० को लागि लेखापरीक्षकको प्रतिवेदन | ११ |
| ५ | वासलात, नाफा नोक्सान हिसाव र अनुसूचिहरु | १२ |
| ६ | बीमा समिति पत्र | ४७ |
| ७ | कम्पनीको व्यवस्थापन तथा शाखा कार्यालयहरु | ४९ |

## आदरणीय शेयरधनी महानुभावहरु

२०७० साल फाल्गुण २८ गते बसेको सञ्चालक समितिको १०१ औं बैठकको निर्णयानुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा निम्न उल्लेखित बिषयहरुमाथि छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ बमोजिम सो सभा सम्बन्धी कागजातहरु समाहित गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## नवौं वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समयः

मितिः २०७० साल चैत्र २७ गते बिहिवार तद्नुसार अप्रिल १०, २०१४

स्थानः रिजेन्सी व्याङ्क्वेट, ज्ञानेश्वर, काठमाडौं ।

समयः बिहान ११:०० बजे ।

## छलफलको बिषय सूचीः

क) सामान्य प्रस्तावः

१) सञ्चालक समितिको नवौं बार्षिक प्रतिवेदन (२०६९/०७०) पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७० साल आषाढ मसान्तको वासलात, आ.ब.२०६९/०७० को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र अनुसूचिहरु पारित गर्ने

३) आ.ब. २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

ख) बिशेष प्रस्तावः

१. कम्पनीको अधिकृत पूँजी बृद्धि तथा जारी पूँजी बृद्धि गरी रु. ३० करोड पुर्‍याउने ।

२. कम्पनीको चुक्ता पूँजी बृद्धि गरी रु. २६,५३,४०,९००/- पुर्‍याउन आ.ब. २०६९/०७० को मुनाफाबाट चुक्ता पूँजीको १०.५२% (अर्थात १० शेयर बराबर १ शेयरको अनुपातमा) बोनस शेयर जारी गर्ने ।

३. नं. (१) र नं. (२) को व्यबस्था अनुसार प्रबन्धपत्रको दफा ५ को खण्ड (क), (ख) र (ग) संशोधन गर्ने ।

ग) प्रबन्धपत्रमा प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

घ) संस्थापक शेयरधनीहरुको समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन गर्ने ।

ङ) बिबिध ।

सञ्चालक समितिको आज्ञाले

**देवेन्द्र कोइराला**

कम्पनी सचिव

# साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) फारम दर्ता गरिसक्नु पर्नेछ । संस्थापक शेयरधनीहरुले संस्थापकमध्येबाट नै कुनै एक प्रतिनिधि नियुक्त गरि सोको फारम कम्पनीको कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा र सर्वसाधारण शेयरधनीहरुले सोही समूह अन्तर्गतका कुनै एक शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सो को फारम यस कम्पनीको शेयर रजिष्ट्रार, एस क्यापिटल लि. लालदरवार, काठमाडौंमा दर्ता गर्नुपर्ने छ ।

२. सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि पत्र (प्रोक्सी) दर्ता गरिसकेपछि सोलाई बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै जानकारी दिनुपर्नेछ ।

३. प्रोक्सी दोहोरो पर्न गएमा पहिले दर्ता गरिएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भई दस्तखत गर्नुभएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. सभामा भाग लिने सर्वसाधारण शेयरधनीहरुले सभा हुने दिन शेयरको प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित नागरिकताको प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ ।

६. छलफलको बिषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

७. उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

८. संस्थापकहरुको समूहबाट प्रतिनिधित्व गर्ने सात सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम मितिः २०७०/१२/२० गते निर्वाचन अधिकृतद्वारा कम्पनीको प्रधान कार्यालयमा प्रकाशित गरिनेछ । निर्वाचन सम्बन्धी विषयहरु लगायत अन्य जानकारीको लागि कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

# नवौं बार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन

## शेयरधनी महानुभावहरु,

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको यस नवौं वार्षिक साधारण सभामा यहाँहरुलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु । आज यस सभामा कम्पनीको काम कारवाहीको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०६९/०७० को वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह र आवश्यक अन्य विवरणहरु अनुमोदनको लागि प्रस्तुत गरेका छौं ।

## बिगत वर्षहरुको कारोवारको सिंहावलोकन

समीक्षा आ.ब. २०६९/०७० मा यस कम्पनीले गत आ.ब. को भन्दा करिब ५६ प्रतिशतले बढि हुने गरी बीमाशुल्क बापत रु. ५०,८९,५३,७९८/- बीमाशुल्क आर्जन गरेको छ । बिगत ३ वर्षमा आर्जन भएको बीमाशुल्क आम्दानीको क्षेत्रगत तालिका, वासलात र नाफा नोक्सान हिसावको विवरण निम्न अनुसार रहेको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिको प्रभाव

पहिलो संबिधानसभाबाट नयाँ संबिधान निर्माण गर्न असफल भएपछि गत मंसिर ०४ गते नेपालमा दोश्रो संबिधानसभाको चुनाब भई नयाँ संबिधानसभाको गठन भएको छ । यसबाट राजनीतिक स्थिरता, आर्थिक गतिविधीहरुले निश्चित दिशा ग्रहण गर्ने अबस्था र दीगो सुशासनको लागि अझै केहि समय पर्खनु पर्ने देखिएको छ । दोश्रो संबिधानसभाको चुनावपछि बिगत वर्षहरुको तुलनामा देशको शान्ति सुरक्षाको अबस्था सन्तोषजनक रहेको भएपनि उद्योग व्यापार क्षेत्र फस्टाउन नसकेको र लगानी अनुकूल वाताबरणमा अझै कायम हुन नसक्दा त्यसको प्रभाव बीमा क्षेत्रमा समेत रहेको छ । पर्यटन क्षेत्रको बिकास केहि सुधारोन्मुख रहेपनि सो क्षेत्रबाट बीमा कम्पनीहरुले तद्नुरुप लाभ उठाउन सकेका छैनन् । त्यस्तै केहि वर्षदेखि राजश्व बृद्धि सन्तोषजनक रहेको र संबिधान निर्माण र स्थीर राजनीतिक प्रणालीको मार्गतर्फ देश अग्रसर भएको

| विवरण | आ.ब. ०६७/६८ | आ.ब. ०६८/६९ | प्रतिशत | आ.ब. ०६९/७० | प्रतिशत |
|---|---|---|---|---|---|
| अग्नि | ३६,५१७,३६१ | ४०,४६९,०१९ | १०.८२ | ६५,१३४,२४० | ६०.९५ |
| सामुद्रिक | ५,९५७,३४१ | ६,२४७,६२२ | ४.८७ | १०,९४२,०६४ | ७५.१४ |
| मोटर | २२४,३६८,८०७ | २४२,३९१,८२७ | ८.०३ | ३६९,५४४,४३७ | ५२.४६ |
| इञ्जिनियरिंग | १६,५६७,५४६ | २०,३७६,१२६ | २२.९९ | ३३,९०१,२८२ | ६६.३८ |
| बिबिध | २१,१२०,७६३ | १६,९०३,९०७ | (१९.९७) | २९,४३१,७७५ | ७४.११ |
| जम्मा बीमाशुल्क | ३०४,५३१,८१८ | ३२६,३८८,५०१ | ७.१८ | ५०८,९५३,७९८ | ५५.९३ |
| पुनर्बिमा शुल्क | ९९,१२५,८०६ | १११,७२९,२०४ | १२.७१ | २०८,४१९,२११ | ८६.५४ |
| खुद बीमाशुल्क | २३४,१३२,१०९ | २१४,६५९,२९७ | (८.३२) | ३००,५३४,५८६ | ४०.०१ |
| खुद मुनाफा | ९,७०६,०२८ | ३२,७१३,०६६ | २३७.०४ | ३८,२२९,३७४ | १६.८६ |
| दावी भुक्तानी | १४४,२७९,९८७ | १८८,९४२,००५ | ३०.९६ | १४०,०१८,८४६ | (२५.८९) |
| दावी व्यबस्था | ८५,३१०,७०९ | ६६,३४२,४२२ | (२२.२३) | ८८,५५०,१०२ | ३३.४७ |
| व्यबस्थापन खर्च | ४०,३१८,८५४ | ४५,९८३,६९० | १४.०५ | ६६,५८८,७८६ | ४४.८१ |

हुँदा भविष्यमा समग्र आर्थिक गतिविधिहरुको बिकास भई त्यसले नेपालको बीमा व्यवसायमा समेत सकारात्मक प्रभाव पार्ने आंकलन गर्न सकिन्छ ।

## कम्पनीको रणनीति

### व्यबसाय

बिगत ८ वर्षको अनुभवको आधारमा कम्पनीले नाफामूलक व्यवसायमा बढि केन्द्रित रहने नीति तय गरेको छ । मोटर बीमामा व्यवसायिक सवारी साधनहरुको बीमाबाट एकैपटक बढि बीमाशुल्क प्राप्त हुने भएतापनि दावीको परिमाण, मोटर बीमामा कम्पनीले वहन गर्नुपर्ने दायित्व आदिका कारण त्यस्तो व्यवसाय क्रमश: घटाउँदै लगिएको छ । तर नेपाली बीमा कम्पनीहरुको व्यबसायमा ठूलो हिस्सा मोटर बीमाले ओगटेको र अन्य बीमाको अंश न्यून भएकोले सन्तुलन (Portfolio Balance) कायम गर्न सकिएको छैन ।

### दावी

कम्पनीले आफ्ना ग्राहकहरुलाई समयमै दावी भुक्तानी गर्न सकिएमा उनीहरुको विश्वास आर्जन गर्न सकिने र त्यसबाट कम्पनीको प्रतिष्ठा र व्यबसायको लागि समेत निकै महत्वपूर्ण प्रभाव पर्ने भएकोले कम्पनीले दावी भुक्तानीलाई प्राथमिकतामा राखि काम गर्दै आएको छ ।

यसको साथै दावी बिभागमा पर्न आउने दावीहरुको सूचना प्राप्त हुनासाथ त्यसको गहिरो अध्ययन गरी शंकास्पद देखिएका दावीहरुको कम्पनी आफैंले प्रारम्भिक रुपमै स्थलगत अनुसन्धान गर्नको लागि अनुसन्धान टोली खटाउने गरिएको छ । यसबाट उल्लेख्य रुपमा झुट्टा दावीहरुको पहिचान गरी त्यस्ता दावीहरुलाई बन्द गराउन र यस्ता दावीहरुलाई निरुत्साहित गर्न कम्पनी सफल भएको छ ।

### लगानी

कम्पनीका शेयरधनीहरुबाट प्राप्त रकम र कम्पनीले आर्जन गरेको बीमाशुल्कलाई बीमा समितिको निर्देशिकाको अधिनमा रहि अधिकतम् प्रतिफल प्राप्त हुने गरी लगानी गर्ने र लगानीका सम्भाव्य नयाँ क्षेत्रहरुको पहिचान गरी कम्पनीको मुनाफालाई बृद्धि गर्दै लैजाने नीति अनुसार काम गरिएको छ ।

### आन्तरिक सुशासन

बीमा समितिबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको अतिरिक्ति कम्पनी आफैंले पनि कम्पनीभित्र आन्तरिक सुशासन कायम गर्ने काममा जोड दिइएको छ । प्रचलित कानून, नीति, नियमहरुको पालना गर्दै कम्पनीको व्यबस्थापनलाई नै अधिकारसम्पन्न बनाई कम्पनीका आन्तरिक विनियमावलीहरुलाई समयसापेक्ष रुपमा संशोधन, परिमार्जन गरी कम्पनीभित्रका सबै गतिबिधिहरुलाई पारदर्शी र नियमसंगत रुपले सञ्चालन गर्दै आएको छ र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइनेछ । यसको साथै कम्पनीको खर्चलाई बढ्न नदिनको लागि खर्चमा मितव्ययिता अपनाई काम गर्ने गरिएको छ

### शाखा कार्यालय बिस्तार

समीक्षा अवधीमा कम्पनीले ठमेल र जनकपुरमा शाखा खोली व्यबसाय बिस्तार गरेको छ । खोलिएका शाखाहरुबाट सन्तोषजनक रुपमा व्यबसाय भई आएको छ ।

### चालु आर्थिक बर्ष २०७०/०७१ को उपलव्धी र भविष्यको योजना

गत आ.ब. २०६९/०७० को पौष मसान्त र चालु आर्थिक वर्षको पौष मसान्तसम्मको बीमाशुल्क आम्दानीको तुलनात्मक विवरण (चालु आ.ब. को लेखापरीक्षण हुन बाँकी) निम्न बमोजिम छः

| विवरण | आ.ब. ०६९/७० | आ.ब. ०७०/७१ | बृद्धि प्रतिशत |
|---|---|---|---|
| अग्नि | २५,८९७,५५७ | ३८,९४५,४७९ | ५०.३८ |
| मोटर | १५२,०५२,६०० | १८६,८१६,०१२ | २२.८६ |
| सामुद्रिक | ४,७८७,३२३ | ५,३३५,६६३ | ११.४५ |
| इञ्जिनियरिंग | ८,६२७,२६८ | १४,८४९,८०९ | ७२.१३ |
| बिबिध | ११,९०५,७३७ | २०,८७६,५४८ | ७५.३५ |
| जम्मा बीमाशुल्क | २०३,२७०,४८५ | २६६,८२३,५११ | ३१.२७ |

## तालिम

समीक्षा आ.ब. तथा चालु आ.ब.मा प्रधान कार्यालय तथा शाखा कार्यालयका कर्मचारीहरुलाई समयसमयमा तालिम प्रदान गरिएको छ र यसलाई आगामी दिनहरुमा पनि निरन्तरता प्रदान गरिनेछ। साथै कम्पनीले दिँदै आएको अभिकर्ता तालिमलाई यस वर्षमा समेत निरन्तरता दिइएको छ।

बीमा समिति लगायत अन्य बिभिन्न संस्थाहरुबाट समय समयमा दिइने बीमा, वित्त, सम्पत्ती शुद्धिकरण निवारण लगायत बिभिन्न बिषयहरुसँग सम्बन्धित तालिमहरुमा कम्पनीले कर्मचारीहरुलाई सहभागी गराउंदै आएको छ।

## अष्ट्रिच बीमा

गत २०७० साल भाद्र महिनादेखि नेपालमा पहिलोपटक यस कम्पनीले अष्ट्रिचको बीमा गर्न शुरु गरेको छ। रुपेन्देही जिल्लाको गंगोलयामा रहेको अष्ट्रिच नेपाल प्रा.लि. को फार्ममा व्यबसायिक रुपमा पालिएका ७०० अष्ट्रिचको बीमा गर्न शुरु गरिएको हो। यसको साथै पशुपंछी बीमा अन्तर्गत व्यबसायिक रुपमा पालन गरिएका पशु तथा पंछीहरुको बीमा समेत कम्पनीले गर्दै आएको छ र त्यस्तो सेवालाई ग्रामिण क्षेत्रका जनतासम्म अझ बढि बिस्तार गर्ने योजना छ।

## शाखा कार्यालय

चालु आ.ब.मा यस कम्पनीले बिर्तामोडमा थप शाखा कार्यालय खोली व्यवसाय सञ्चालन गरेको छ। साथै दाङ्ग र इटहरीमा छिट्टै शाखा खोल्ने तयारी गरिएको छ।

## हकप्रद शेयर निष्कासन

कम्पनीको आठौं वार्षिक साधारण सभाको निर्णयानुसार कम्पनीको चुक्ता पूँजी रु. २५ करोड पुर्‍याउने उद्देश्यले चुक्ता पूँजीको ६२.९६ प्रतिशत अर्थात रु. ९,६५,९१,०००/- को हकप्रद शेयरको निष्कासन २०७० साल माघ २० गतेदेखि फाल्गुण २५ गतेसम्म खुल्ला गरेकोमा सो अबधीमा संस्थापक शेयर बापतको रकम पूरै भुक्तानी भएको र सर्बसाधारण शेयरधनीहरुबाट समेत माग गरेभन्दा बढि रकमको लागि आवेदन परेको छ।

## आ.ब. २०७०/०७१ को थप कार्यक्रम

- सम्भाव्यता अध्ययनको आधारमा नगरोन्मुख क्षेत्र, बैंक तथा वित्तीय संस्थाहरुको अधिक पहुंच भएका क्षेत्रहरुमा थप शाखा कार्यालयहरु खोलिनेछ।
- बीमाशुल्क आर्जनमा बृद्धि गर्ने र सोको अनुपातमा शेयरधनीहरुलाई आकर्षक प्रतिफल दिनसक्ने व्यबस्थाको लागि व्यबस्थापनलाई बिशेष निर्देशन दिनुका साथै सो उद्देश्य पूरा गर्नको लागि पूर्वाधार एवं साधन श्रोतको व्यबस्था गर्ने नीति लिइएको छ।
- बीमा समितिबाट २०६९ साल माघ महिनादेखि बाली तथा पशुपन्छी बीमा निर्देशन जारी भएकोमा यस कम्पनीले सो बीमाको थालनी गरेको छ। चालु आ.ब. मा यसलाई अझ बिस्तार गरी यस कम्पनीको व्यवसायलाई आम कृषक तथा कृषि व्यवसायी समक्ष बिस्तार गरिनेछ।

## कम्पनीको औद्योगिक तथा व्यबसायिक सम्बन्ध

कम्पनीले बिभिन्न औद्यागिक तथा व्यवसायिक प्रतिष्ठान, संघसंस्थाहरुसँगको सम्बन्ध अझ बढि सुदृढ बनाई बढि बीमाशुल्क संकलनको साथै व्यबसायको जोखिमको बिश्लेषण गरी मुनाफामूलक व्यबसायमा बढि केन्द्रित रहने नीति लिएको छ। कम्पनीका बिभाग र शाखाहरुका बीचमा समन्वयात्मक भूमिकालाई अझै सुदृढ बनाई कम्पनीको काम कारोवारलाई अझ बढि व्यवसायिक बनाउंदै लैजाने नीति रहेको छ।

## पुनर्बीमा

बिदेशी पुनर्बीमा कम्पनीहरुसंगको सम्बन्ध सुदृढ रहेको र त्यस्ता कम्पनी एवं पुनर्बीमा ब्रोकरहरुबाट यस कम्पनीले सहयोग प्राप्त गरी रहेको छ।

यस कम्पनीले हाल निम्न पुनर्बीमा ब्रोकरहरुबाट पूनर्बीमा व्यबस्था गरेको छः

1. J.B. Boda Reinsurance Broker Pvt. Ltd. Mumbai, India
2. J.B. Boda & Co. (U.K.) Ltd., London, U.K.

साथै देशभित्र रहेका बिभिन्न बीमा कम्पनीहरुसँग कायम रहेको सुमधुर सम्बन्धको कारण आन्तरिक पुनर्बीमा आदान/प्रदान गर्ने गरिएको छ । यसबाट कम्पनीले सन्तोषजनक प्रतिफल प्राप्त गर्न सफल भएको छ । यस कम्पनीमा हाल General Insurance Corporation of India को नेतृत्वमा निम्न पुनर्बीमा कम्पनीहरु समेत रहेका छन्:

1. General Insurance Corporation of India (Leading Reinsurer)
2. African Reinsurance Corporation, Mauritius
3. Trust International Insurance Co. Ltd., Bahrain
4. ZEP-RE (PTA Reinsurance Company) Nairobi, Kenya
5. Kenya Reinsurance Corporation Ltd. Nairobi, Kenya
6. Sirius International Insurance Corporation (Pulb), UK Branch.
7. Asian Reinsurance Corporation, Bankok, Thailand.

बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लि., बीमा अभिकर्ता, सर्भेयरहरु, शेयर रजिष्टारबाट यस कम्पनीलाई आबश्यक सहयोग प्राप्त भै रहेको छ ।

## सञ्चालक समितिमा हेरफेर

सञ्चालक समितिमा हेरफेर भएको छैन । पाँचौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालकहरुको पदावधी समाप्त हुने भएकोले प्रस्तुत साधारण सभामा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ७ सञ्चालकहरुको निर्वाचन गर्ने कार्यक्रम रहेको छ ।

## कारोवारलाई असर पार्ने मुख्य कुराहरु

राजनीतिक अस्थिरता र लगानीमैत्री वातावरणको बिकास नहुनुको कारणबाट औद्योगिकीकरणले गति लिन नसकेको कारण बीमा व्यबसायको क्षेत्रमा अपेक्षा अनुसार व्यापक बिस्तार हुन सकेको छैन । त्यसैगरी बीमाबारे जनचेतनाको कमीको कारणबाट आम जनताको ठूलो हिस्सा यसको उपयोग र सेवाबाट बञ्चित रहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिबिधिहरुको प्रभाव शीर्षकमा उल्लेखित बुँदाहरुबाट कम्पनीको कारोवारलाई असर पर्ने सम्भावना छ । यस क्षेत्रमा विद्यमान केहि स्वभाविक र साझा चुनौतिहरुको बाबजुद कम्पनीले तद्अनुरुपको रणनीति तयार गरी उल्लेखित चुनौतिहरुको सामना गर्न र कम्पनीलाई अझ सुदृढ बनाउन हामी सक्षम रहेको विश्वास दिलाउन चाहन्छौं ।

## लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया

आ.ब. २०६९/०७० को लेखापरीक्षण प्रतिवेदनको कैफियतहरु प्रमुख लेखा नीति तथा विवरणमा संलग्न गरिएका छन् । सो समेतका आधारमा बीमा समितिबाट दिइएको निर्देशन र सोको जवाफ यसैसाथ संलग्न छ ।

## लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

सञ्चालक समितिले आ.ब. २०६९/०७० को मुनाफाबाट १०.५२.% प्रतिशतले हुन आउने रकममा आयकर कट्टा गरी शेयरधनीहरुलाई खुद रु. १,५३,४०,९००/- (१० बराबर १ को दरले) बोनस शेयर बितरण गर्न सिफारिस गरेको छ ।

## शेयर जफत भएको बिबरण

समीक्षा अवधिमा शेयर जफत भएको छैन ।

## कम्पनी र सहायक कम्पनी बीचको कारोवार

यस कम्पनीको सहायक कम्पनी छैन ।

## आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी

समीक्षा अवधिमा आधारभूत शेयरधनीहरुबाट कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

## सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वामित्वमा परिवर्तन र कारोवारमा संलग्नता

यस कम्पनीका सञ्चालक तथा पदाधिकारीहरु कम्पनीको शेयर कारोवारमा संलग्न छैनन् ।

| सञ्चालकको नाम | शेयर स्वामित्व | | परिवर्तनको कारण |
|---|---|---|---|
| | आ.ब. २०६८/०६९ | आ.ब. २०६९/०७० | |
| श्री मनोहर दास मुल | रु. ७७,९८,३०० | रु. १,७१,५३,९०० | संस्थापक शेयर खरिद तथा बोनस शेयर |
| श्री लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं.लि. | रु. ५६,२५,००० | रु. १,४६,४३,६०० | |

## कम्पनीसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थबारे जानकारी

समीक्षा अवधिमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ भएको जानकारी प्राप्त भएको छैन ।

## कम्पनीले आफ्नो शेयर आफैं खरिद गरेको बारे जानकारी

समीक्षा अवधीमा कम्पनीले आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

## आन्तरिक नियन्त्रण प्रणाली

कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सक्षम छ । आन्तरिक नियन्त्रणलाई नियमित र व्यबस्थित गर्नको लागि निम्न प्रकृयाहरुको अवलम्बन गरिएको छः

क) बीमा समितिको निर्देशन बमोजिम कम्पनीको काम कारवाहीमा सुधार गर्दै लगिएको छ । आन्तरिक लेखापरीक्षक र बाह्य लेखापरीक्षकबाट प्राप्त सुझाव अनुसार सुधार गर्ने र सोको प्रगतिको अनुगमन गर्दै जाने नीति लिइएको छ ।

ख) २०६८ साल श्रावण महिनादेखि कम्पनीका शाखा कार्यालयहरु र प्रधान कार्यालयको व्यवसाय र अन्य कारोवारहरुलाई अनलाइन प्रणालीमा लगिएको छ । यसबाट काममा चुस्तता र पारदर्शिता कायम गर्न निकै मद्दत पुगेको छ । साथै बिभागहरुको कार्यसञ्चालनको लागि बिभिन्न विनियम, निर्देशिका र दिग्दर्शनहरु तयार गरिएको छ ।

ग) बीमा समितिबाट जारी गरिएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ लाई यस कम्पनीले सकारात्मक रुपमा ग्रहण गर्दै सोको पालना र कार्यान्वियन गर्दै आएको छ । सो बमोजिम कम्पनीले आन्तरिक संस्थागत सुशासनमा अझ सुधार गरी कम्पनीको आन्तरिक विनियमहरु परिमार्जन गर्ने, व्यबस्थापनलाई अझ बढि अधिकारसम्पन्न गराउने लगायतका प्रशासनिक सुधारका कामकारवाहीहरु गरी अझ परिस्कृत बनाउदै आएको छ ।

## समीक्षा वर्षको कूल व्यबस्थापन खर्चको विवरणः

आ.ब. २०६९/०७० को कूल व्यबस्थापन खर्च रु. ६,६५,८८,७८६/- (वासलातहरुको अनुसूचि-५ बमोजिम) रहेको छ ।

## लेखापरीक्षण समितिका सदस्यहरुको नाम, निजहरुको पारिश्रमिक, भत्ता तथा सुबिधा, समितिले गरेका काम कारबाही र सो समितिले कुनै सुझाव दिएको भए सोको बिबरण

**लेखापरीक्षण समितिका सदस्यहरुः**

| | |
|---|---|
| श्री अरुण राज श्रेष्ठ | अध्यक्ष |
| श्री विश्वराज रेग्मी | सदस्य |
| श्री कमल भट्टराई | सदस्य |

लेखापरीक्षण समितिका सदस्यलाई बैठक भत्ता बापत प्रति बैठक अध्यक्षलाई रु. ३,०००/- र सदस्यहरुलाई रु. २,५०० को व्यबस्था गरिएको र यस बाहेक अन्य सुबिधाको व्यबस्था गरिएको छैन ।

बीमा समितिको निर्देशानुसार प्रत्येक त्रैमासिकको आन्तरिक लेखापरीक्षण गराई सो लेखापरीक्षण प्रतिवेदनको आधारमा कैफियतहरु सुधार गर्न, आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकका सुझावहरुलाई तदारुकताका साथ कार्यान्वियन गर्न लेखापरीक्षण समितिले समय समयमा व्यबस्थापनलाई निर्देशन दिई सोको कार्यान्वियन भए नभएकोबारे अनुगमन समेत गर्दै आएको छ । यसको साथै वित्तीय विवरणहरुको वास्तविक र

अद्यावधिक अभिलेखको लागि आवश्यक प्रकृयाहरुको अवलम्बन गर्न, शाखा कार्यालयहरुको व्यवसाय र कामकारवाहीहरुको प्रभावकारी अनुगमन र नियन्त्रण गर्न व्यबस्थापनलाई निर्देशन दिइएको छ। साथै यस कम्पनीले लगानीकर्ता तथा सरोकारवालाहरुको जानकारीको लागि प्रत्येक त्रैमासिक विवरणहरु सार्वजनिक रुपमा प्रकाशित गर्दै आएको छ।

सञ्चालक, प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन।

## सञ्चालक, प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधाको रकमः

- समीक्षा वर्षमा सञ्चालकहरुलाई सञ्चालक समितिको बैठक बापत रु. २,२३,०००/- र अन्य समितिहरुको लागि रु. ३,४१,१४०/- प्रदान गरिएको छ।
- यस कम्पनीका कुनैपनि सञ्चालकहरुलाई बैठक भत्ता बाहेक अन्य पारिश्रमिक सुबिधा प्रदान गरिएको छैन।
- आ.ब. २०६९/०७० मा महाप्रबन्धक श्री शेखर बराललाई पारिश्रमिक बापत रु. २२,२५,०००/- (दशै भत्ता समेत) भुक्तानी गरिएको र सोको विवरण वासलातको अनुसूचि-२६ को दफा १९(ज) मा उल्लेख गरिएको छ।

## शेयरधनीहरुले बुझिलिन बाँकी नगद लाभांश रकम

यस कम्पनीले आ.व. २०६४/०६५ तथा २०६५/६६ को लागि घोषणा गरेको लाभांशमध्ये आ.व. २०६४/६५ को रु. २,७३,४५०/०१ तथा आ.व. २०६५/०६६ को रु. ३,३४,८२७/५० गरी जम्मा रु ६,०८,२७७/५१ बुझिलिन बांकी रहेको देखिन्छ। रकम बुझिलिनको लागि शेयरधनीहरुलाई समय समयमा सूचनाहरु जारी गर्ने गरिएको छ।

## दफा १४१ बमोजिम सम्पत्ती खरिद बिक्रीको विवरण

समीक्षा वर्षको अबधिमा सम्पत्ती बिक्री गरिएको छैन।

## सम्बद्ध कम्पनी बीचको कारोवार

दफा १७५ बमोजिमको सम्बद्ध कम्पनी छैन। लेखापरीक्षण, वासलात र अन्य विवरण: लेखापरीक्षकको प्रतिवेदन, २०७० साल आषाढ मसान्तको वासलात, आ.ब. २०६९/०७० को नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरु यसै प्रतिवेदनको अर्को रुपमा प्रस्तुत गरिएको छ।

## साधारण सभामा प्रस्तुत बिशेष तथा अन्य प्रस्तावबारे संक्षिप्त जानकारीः

### १ बोनस शेयर

आ.ब. २०६९/०७० को मुनाफाबाट शेयरधनीहरुलाई बाँडफाँड भएको चुक्ता पूँजी रु. १५,३४,०९,०००/( को १०.५२% प्रतिशतले हुन आउने रकममा आयकर कट्टा गरी खुद रु. १,५३,४०,९००/- (१० बराबर १ का दरले) को दरले बोनस शेयर बितरण गर्न सिफारिस गरेको छ।

### २. पूँजी बृद्धि

क) यस कम्पनीको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता रु. २५ करोड रहेको छ। सभामा प्रस्तुत बोनस शेयर समेत जोड्दा उल्लेखित पूँजी नपुग हुने भएको र भविश्यमा कम्पनीको पूँजी बढाउदै जानुपर्ने सम्भावना समेतलाई मनन गरी निम्न बमोजिम पूँजी बृद्धि गर्ने प्रस्ताव साधारण सभा प्रस्तुत गरिएको छः

1. यस कम्पनीको अधिकृत पूँजी तथा जारी पूँजी बृद्धि गरी रु. ३० करोड पुऱ्याउने,
2. हकप्रद शेयर बाँडफाँड भएपछि कायम हुन आउने चुक्ता पूँजी रु. २५ करोडमा प्रस्तावित बोनस शेयर समेत जोडी यस कम्पनीको चुक्ता पूँजी रु.२६,५३,४०,९००/- पुऱ्याउने।

ख) उल्लेखित प्रयोजनको लागि कम्पनीको प्रबन्धपत्रको दफा ५ को खण्ड (क), (ख) र .ग) मा संशोधन गर्नको लागि ३ महले सहितको प्रस्ताव यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

## आयकर

यस कम्पनीले आ. व. २०६९/०७० मा रु. १,७७,५४,२७२/- आयकर बापत नेपाल सरकारलाई बुझाएको छ।

## धन्यवाद ज्ञापन

कम्पनीले पाएको सहयोगको लागि शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल धितोपत्र बजार विनियम लि., शेयर रजिष्ट्रार, लेखापरीक्षक, बीमा तथा पुनर्बीमा कम्पनीहरु एवं ब्रोकरहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । कम्पनीको व्यवस्थापनमा संलग्न पदाधिकारीहरु तथा सम्पूर्ण कर्मचारीहरुलाई कम्पनीको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनुभएको क्रियाशिल योगदानका लागि वहांहरुलाई म विशेष रुपले धन्यवाद दिन चाहन्छु । साथै हाम्रो क्रियाकलापहरुलाई सकारात्मक रुपमा लिई जनसमक्ष पुऱ्याइदिने सञ्चार जगतका मित्रहरु र सम्पूर्ण शुभेच्छुकहरुप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यबाद ।

**मनोहर दास मुल**
अध्यक्ष/सञ्चालक समिति
दिनाङ्क: फाल्गुण २८, २०७०

## गत ३ बर्षको बीमाशुल्क विवरण




## २०६९/७० र २०७०/७१ को पहिलो ६ महिनाको बीमाशुल्क विवरण



KB
Chitracar & Co
chartered accountants

ALLIOTT GROUP
A Worldwide Alliance of Independent Accounting, Law and Consulting Firms

शेयरधनीहरु महानुभावहरु,
लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडेको यसैसाथ संलग्न २०७० आषाढ मसान्तका वित्तीय विवरणहरु लेखापरीक्षण गरेकाछौं । ती वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ । वित्तीय विवरणहरु सारभुतरुपमा गलत आंकडा रहित भएको विश्वस्त हुनका लागि लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षण सम्पन्न गरिनु पर्दछ । वित्तीय विवरणहरुका अंकहरु र अन्य विषयहरुलाई पुष्टयाई गर्ने प्रमाणको छड्के जांच लेखापरीक्षणमा समावेश हुन्छ । व्यवस्थापनले अपनाएका लेखा नीतिहरु तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनी ऐन २०६३, बीमा ऐन २०४९ र बीमा नियमावली, २०४९का प्रावधानहरु अनुरुप वित्तीय विवरण प्रस्तुति हुनुपर्ने विषय जांच गर्नु पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणबाट हाम्रो रायको लागि पर्याप्त आधार पुगेको कुरामा हामी विश्वस्त छौं । हाम्रो लेखापरीक्षण तथा हामीलाई प्राप्त जानकारी एवं दिइएको स्पष्टीकरणको आधारमा हामी निम्न प्रतिवेदन पेश गर्दछौं ।

१. लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना र स्पष्टिकरणहरु हामीलाई प्राप्त भएका छन तथा लेखापरीक्षणको लागि उपलब्ध लेखा, हरहिसाब र विवरणहरु सन्तोषजनक रहेका छन ।
२. कम्पनीका संचालक समिति, कुनै संचालक अथवा कर्मचारीले कानुनी व्यवस्था बिरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा बेहिसाब गरेको वा कम्पनीको हानी नोक्सानी गरेको वा कम्पनीले आफ्नो कार्यक्षेत्र बाहिर कारोबार गरेको कुनै सूचना हाम्रो जानकारीमा आएको छैन ।
३. संलग्न वित्तीय विवरणहरु कम्पनी ऐन २०६३का प्रावधान तथा बीमा समितिले तोकेको ढांचा बमोजिम हुने गरी प्रचलित कानूनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार तयार भएका छन । तिनीहरु कम्पनीले राखेको लेखासंग दुरुस्त रहेका छन र बीमा समितिका निर्देशनहरु बमोजिम लेखा नीतिहरु अवलम्बन गरिकन दावी वापत अनुमानित दायित्वको लागि र असमाप्त जोखिमको लागि पर्याप्त जगेडा राख्नुका साथै तोकिए बमोजिमका विभिन्न कोषहरुमा पर्याप्त व्यवस्था गरिएका छन ।
४. हामीलाई प्राप्त जानकारी र दिइएका स्पष्टीकरण तथा हाम्रो परीक्षणको आधारमा संलग्न वित्तीय विवरणहरुमा हामी राय व्यक्त गर्दछौं कि बासलातले लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडेको २०७० आषाढ मसान्तको आर्थिक स्थिति, तथा नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरणले कम्पनीको सो मितिमा समाप्त भएको वर्षको क्रमश: संचालन नतिजा, नगद प्रवाह र इक्वीटिमा भएको परिवर्तनको सारभूतरुपमा यथार्थ र समुचित चित्रण गर्दछन ।

सिए कोमल चित्रकार
केबी चित्रकार एण्ड कम्पनी

काठमाडौं, २०७० कार्तिक १०

jwagal, lalitpur p.o. box 2043, kathmandu tel 5011311, 5011313, fax: 5011312 e-mail:info@kbc-ca.com.np

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## २०७० आषाढ मसान्तको वासलात

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | श्रोत | | | |
| १ | चुक्ता पूँजी | १३ | १५३,४०९,००० | १४०,६२५,००० |
| २ | जगेडा तथा कोष | १४ | २१,८४३,६८६ | १६,१६२,४५० |
| ३ | बीमा कोष | १२ | ६४,४९४,०१२ | ४५,५३७,२९० |
| ४ | महा-विपत्ती जगेडा | १५ | - | - |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | १६ | ३३,२५४,४०० | - |
| | कूल श्रोत | | २७३,००१,०९८ | २०२,३२४,७४० |
| | उपयोग | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | १७ | १३२,०४३,९१९ | १००,९५४,१०८ |
| ७ | दीर्घकालिन लगानी | १८ | ३५,४१४,४२९ | ३९,७६४,४२९ |
| ८ | दीर्घकालिन कर्जा | २० | - | - |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | | | |
| ९ | नगद तथा बैंक मौज्दात | १९ | ५,०१६,३४२ | ७,०८४,७२२ |
| १० | अल्पकालिन लगानी | १८ | ४५२,७९२,१५८ | २५८,९०५,३२७ |
| ११ | अल्पकालिन कर्जा | २० | - | - |
| १२ | अन्य सम्पत्ती | २१ | ६०,८५५,१४५ | ७८,५५९,४५६ |
| | जम्मा (क) (९+१०+११+१२) | | ५१८,६६३,६४५ | ३४४,५४९,५०४ |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | | | |
| १३ | चालु दायित्व | २२ | १३७,७६८,२१४ | ८०,२४५,४५६ |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २३ | १५०,९२७,३७१ | १०७,८७८,०३१ |
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ८८,५५०,१०२ | ६६,३४२,४२२ |
| १६ | अन्य व्यवस्था | २३ क | ३६,२८९,३८७ | २९,२३०,१०० |
| | जम्मा (ख) (१३+१४+१५+१६) | | ४१३,५३५,०७४ | २८३,६९६,००९ |
| १७ | खूद चालु सम्पत्ती (ग) . (क) -(ख) | | १०५,१२८,५७१ | ६०,८५३,४९६ |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | २४ | ४१४,१८० | ७५२,७०७ |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | - | - |
| २० | कूल उपयोग (६+७+८+१७+१८+१९) | | २७३,००१,०९८ | २०२,३२४,७४० |

संभावित दायित्वहरु र अनुसूची ६ तथा १२ देखि २६ सम्म यसका अभिन्न अंग हुन्।

| संभावित दायित्वहरु | | | |
|---|---|---|---|
| विवरण | | यस बर्ष | गत बर्ष |
| चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | | | |
| प्रत्याभूति प्रतिबद्धता | | | |
| बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको | | | |
| बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | | | |
| अन्य (मूल्य अभिबृद्धि कर सम्वन्धमा ) | २६ (१) | ५,७५६,६४४ | ५,७५६,६४४ |
| जम्मा | | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको नाफा नोक्सान हिसाब विवरण

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आम्दानी | | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ७ | ५८,११७,२४४ | ४२,३६४,३९० |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २ | ११,४८३,६१७ | १३,३७५,५४६ |
| ३ | व्यवस्था फिर्ता | ८ | १७८,६८० | ९९२,३७० |
| ४ | अन्य आम्दानी (विवरण खुलाउने) | | - | - |
| | जम्मा आम्दानी (क) | | ६९,७७९,५४१ | ५६,७३२,३०६ |
| | खर्च | | | |
| ५ | व्यवस्थापन खर्च | ५ | ६,६५८,८७९ | ४,५९८,३६९ |
| ६ | अपलेखन खर्च | ९ | ५६५,२६२ | १०२,३७६ |
| ७ | शेयर सम्बन्धी खर्च | ९क | ५२६,०२५ | ४८,२३५ |
| ८ | अन्य खर्चहरु | १० | १४४,००० | २०,००० |
| ९ | नोक्सानीको लागि व्यवस्था | ११ | २९९,५६७ | ५४८,००० |
| १० | कर्मचारी आवास व्यवस्था | | - | - |
| ११ | कर्मचारी बोनस व्यवस्था | | ५,९१८,०९१ | ४,७७३,८०२ |
| १२ | समायोजित आयकर (अ) (आ) - (इ) | | १७,४३८,३४३ | १३,९२८,४५९ |
| | आ) आयकर | | १७,७५४,२७२ | १४,३२१,४०५ |
| | इ) स्थगन कर (सम्पत्ति)/दायित्व | | (३१५,९२९) | (३९२,९४७) |
| | जम्मा खर्च (ख) | | ३१,५५०,१६७ | २४,०१९,२४१ |
| | खूद नाफा /(नोक्सान) (ग) . (क) - (ख) | | ३८,२२९,३७४ | ३२,७१३,०६६ |
| १३ | (क) बीमा कोषमा सारेको | १२ | १८,९५६,७२३ | १६,१६०,०५९ |
| | (ख) बीमा जगेडामा सारेको | १४ | - | - |
| १४ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | - | २,४८५,२९५ |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | ४८३,१६२ | २६५,३३६ |
| | बाँडफाँडको लागि उपलब्ध रकम | | १९,७५५,८१४ | १४,३३३,०४७ |
| १६ | (क) स्थगन कर जगेडा | १४ | (३१५,९२९) | (३९२,९४७) |
| | (ख) पूँजीगत जगेडा | १४ | - | - |
| | (ग) विशेष जगेडा | | - | - |
| | (घ)अन्य जगेडा | १४ | - | - |
| | (ङ) प्रस्तावित लाभांश | | | |
| | (अ) बोनस शेयर | १४ | (१५,३४०,९००) | (१२,७८४,०००) |
| | (आ) नगद लाभांश | २३ क | (८०७,४१६) | (६७२,९३८) |
| | (च) महा-विपत्ती जगेडा | १५ | - | - |
| १७ | वासलातमा सारेको नाफा/(नोक्सान) | | ३,२९१,५६९ | ४८३,१६२ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आषाढ ३१ सम्मको नगद प्रवाहको विवरण

| क.सं. | विवरण | यस बर्ष | गत वर्ष |
|---|---|---|---|
| क | कारोबार संचालनबाट नगद प्रवाह : | | |
| | बीमा शुल्क आम्दानी | ५०३,३३१,५५९ | ३२४,१४७,७१२ |
| | पुनर्बीमा शुल्क आम्दानी | ५,६२२,२३९ | १,९६१,७४८ |
| | पुनर्बीमा कमिशन आम्दानी | ४०,३७५,६४६ | २८,३७९,३५२ |
| | अन्य प्रत्यक्ष आम्दानी | ६४५,३६२ | ८३२,३७३ |
| | पूनर्बीमकबाट प्राप्त दावी रिकभरी | २३,४११,५६२ | ४१,६४६,६३९ |
| | पुनर्बीमा शुल्क भुक्तानी | (२०८,४१९,२११) | (१११,७२९,२०४) |
| | पुनर्बीमा कमिशन भुक्तानी | (१,२५९,०८२) | (५७९,४०६) |
| | अभिकर्ता कमिशन भुक्तानी | (३२,८१३,३०३) | (१६,६६६,२९२) |
| | दावी भुक्तानी | (१६३,४३०,४०८) | (२३०,५८८,६४५) |
| | सेवा शुल्क भुक्तानी | (३,०६१,३५८) | (२,२३३,६२९) |
| | अन्य प्रत्यक्ष खर्च | - | - |
| | व्यवस्थापन खर्च भुक्तानी | (५६,४९२,८५५) | (४२,६४९,८८९) |
| | कर्मचारी बोनस भुक्तानी | (४,७७३,८०२) | (५,२९७,६१७) |
| | आयकर भुक्तानी | (२२,६९०,२५३) | (७,१८१,२५९) |
| | चालु सम्पत्तिमा (वृद्धि)/कमी | ४१,४००,६६७ | (६४,०१९) |
| | चालु दायित्वमा वृद्धि/(कमी) | ४४,८४४,३७६ | ११,९३३,१२३ |
| | कारोबार संचालनबाट खूद नगद प्रवाह (क) | १६६,६९१,१३७ | (८,०८९,०१२) |
| ख | लगानी गतिविधीबाट नगद प्रवाह | | |
| | स्थिर सम्पत्तिमा (वृद्धि) कमी | (४१,८५५,७६७) | (३९,१९४,०४४) |
| | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा लगानीमा (वृद्धि) कमी | - | (१६,१९३,०००) |
| | बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानीमा (वृद्धि) कमी | (११२,१००,०००) | (४,४००,०००) |
| | बैंक तथा वित्तीय संस्थाको अन्य निक्षेप लगानीमा (वृद्धि) कमी | (७७,४३६,८३१) | ३५,१०६,१५८ |
| | इक्यूटी शेयर लगानीमा (वृद्धि) कमी | | - |
| | अग्राधिकार शेयर/डिवेन्चरमा लगानीमा (वृद्धि) कमी | - | - |
| | अन्य लगानीमा (वृद्धि) कमी | - | (८५५,०८३) |
| | पेश्की तथा कर्जामा (वृद्धि) कमी | - | - |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (लगानीमा) | २९,३७८,६८१ | ३४,३५४,६६१ |
| | भुक्तानी प्राप्त डिभिडेन्ड | | - |
| | भाडा आम्दानी | | - |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (कर्जामा) | | - |
| | अन्य अप्रत्यक्ष आम्दानी | | - |
| | लगानी गतिविधीबाट खूद नगद प्रवाह (ख) | (२०२,०१३,९१७) | ८,८१८,६९२ |
| ग | वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह | | |
| | शेयरबाट प्राप्त रकम | - | - |
| | तिर्न बाँकी सापटीमा (वृद्धि)/कमी | ३३,२५४,४०० | - |
| | अल्पकालिन ऋणमा (वृद्धि)/कमी | - | - |
| | ऋण सापटीमा ब्याज भुक्तानी | - | - |
| | लाभांश भुक्तानी | - | - |
| | वित्तीय श्रोत कारोबारबाट खूद नगद प्रवाह (ग) | ३३,२५४,४०० | - |
| | यस वर्षको सम्पूर्ण गतिविधीबाट खूद नगद प्रवाह . (क)+(ख)+(ग) | (२,०६८,३८०) | ७२९,६८१ |
| | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ७,०८४,७२२ | ६,३५५,०४१ |
| | नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ५,०१६,३४२ | ७,०८४,७२२ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आ.व २०६९।७० मा इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरण

| विवरण | शेयर पूँजी | संचित नाफा/ नोक्सान | प्रस्तावित बोनस शेयर | बीमा जगेडा | पूँजीगत जगेडा कोष | शेयर प्रिमियम | विशेष जगेडा कोष | अन्य जगेडा तथा कोष | बीमा कोष | महाविपती | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १४०,६२५,००० | ४८३,१६२ | - | १,६८४,४७९ | - | - | - | १,२१०,८०९ | ४५,५३७,२९० | - | १८९,५४०,७४० |
| समायोजन (अघिल्लो बर्ष सगँ सम्बन्धित खर्च) | - | - | - | - | - | - | - | - | - | - | - |
| पुनस्थापित मौज्दात | १४०,६२५,००० | ४८३,१६२ | - | १,६८४,४७९ | - | - | - | १,२१०,८०९ | ४५,५३७,२९० | - | १८९,५४०,७४० |
| यो वर्षको खुद नाफा - | | ३८,२२९,३७४ | - | - | - | - | - | - | | - | ३८,२२९,३७४ |
| बीमा कोषमा सारेको - | | (१८,९५६,७२३) | - | - | - | - | - | - | १८,९५६,७२३ | - | - |
| स्थगन कर जगेडा | | (३१५,९२९) | | | - | - | - | ३१५,९२९ | | | - |
| लाभांशको घोषणा - | - | - | - | - | - | - | - | - | - | - | |
| प्रस्तावित वोनश शेयर - | | (१५,३४०,९००) | १५,३४०,९०० | - | - | - | - | - | - | - | - |
| प्रस्तावित नगद लाभांश | | (८०७,४१६) | | | - | - | - | - | | | (८०७,४१६) |
| बोनश शेयरको निष्काशन | १२,७८४,००० | - | - | - | - | - | - | - | - | - | १२,७८४,००० |
| शेयर पूँजिको निष्काशन - | - | - | - | - | - | - | - | - | - | - | |
| सटहि घटवढ कोष - | - | - | - | - | - | - | - | - | - | - | |
| अन्य जगेडा तथा कोष - | | - | - | - | - | - | | - | - | - | |
| अन्तिम मौज्दात | १५३,४०९,००० | ३,२९१,५६९ | १५,३४०,९०० | १,६८४,४७९ | - | - | - | १,५२६,७३८ | ६४,४९४,०१२ | - | २३९,७४६,६९८ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको एकिकृत आय व्यय हिसाब

रकम (रु)

| क.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | ३००,५३४,५८६ | २१४,६५९,२९७ |
| २ | पुनर्बीमा कमिशन आय | | ४०,३७५,६४६ | २८,३७९,३५२ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | १९,५४६,५२९ | २०,५०३,२१६ |
| ४ | अन्य प्रत्यक्ष आय | | - | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत व्यवस्था | | ६६,३४२,४२२ | ८५,३१०,७०९ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | | १०७,२१७,९५३ | ११६,९६०,६६८ |
| | जम्मा आय (क) | | ५३४,०१७,१३७ | ४६५,८१३,२४३ |
| | व्यय | | | - |
| ७ | दावी भुक्तानी (खूद) | ३ | १४०,०१८,८४६ | १८८,९४२,००५ |
| ८ | अभिकर्ता कमिशन | | ३२,८१३,३०३ | १६,७०५,११५ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | १,२५९,०८२ | ५७९,४०६ |
| १० | सेवा शुल्क (खूद) | ४ | ३,०६१,३५८ | २,१६४,९३५ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | - | |
| १२ | व्यवस्थापन खर्च | ५ | ५९,९२९,९०७ | ४१,३८५,३२१ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ८८,५५०,१०२ | ६६,३४२,४२२ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | १५०,२६७,२९३ | १०७,३२९,६४९ |
| | जम्मा व्यय (ख) | | ४७५,८९९,८९३ | ४२३,४४८,८५३ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) - (ख) | | ५८,११७,२४४ | ४२,३६४,३९० |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको अग्नी वीमाको आय व्यय हिसाब

रकम (रु)

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | १८,२५६,२४२ | १०,९१३,८४३ |
| २ | पुनर्बीमा कमिशन आय | | १२,३५८,०६२ | ९,१८१,६०८ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | १,७३६,७६३ | २,०८७,९१४ |
| ४ | अन्य प्रत्यक्ष आय | | | - |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | | ८१९,३३० | १,८८३,२४१ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत ब्यवस्था | | ५,४५६,९२२ | ७,१६३,४२२ |
| | जम्मा आय (क) | | ३८,६२७,३१८ | ३१,२३०,०२७ |
| | व्यय | | | - |
| ७ | दावी भुक्तानी (खूद) | ३ | ७३२,८०४ | १,०३३,१६९ |
| ८ | अभिकर्ता कमिशन | | ५,२२१,३१४ | ३,३५४,९०४ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | ६३४,१४५ | ३५१,४९३ |
| १० | सेवा शुल्क (खूद) | ४ | २०४,३३३ | १२०,१४४ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | ( |
| १२ | व्यवस्थापन खर्च | ५ | ७,३५३,८२२ | ४,९५९,८३९ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | २,१२३,९२४ | ८१९,३३० |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ९,१२८,१२१ | ५,४५६,९२२ |
| | जम्मा व्यय (ख) | | २५,३९८,४६३ | १६,०९५,७९९ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) ( (ख) | | १३,२२८,८५५ | १५,१३४,२२८ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

शेखर बराल
महाप्रवन्धक

चिन्तामणि भट्टराई
सञ्चालक

सुरज बैद्य
सञ्चालक

मनोहर दास मूल
अध्यक्ष

शङ्कर घिमिरे
सञ्चालक

अरुण राज श्रेष्ठ
सञ्चालक

विश्वराज रेग्मी
सञ्चालक

कमल भट्टराई
सञ्चालक

गणेश कुमार कापर
बरिष्ठ प्रबन्धक (वित्त)

प्रताप कुमार आचार्य
सञ्चालक

सि.ए. कोमल चित्रकार
के.बि. चित्रकार एण्ड कं.

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको सामुद्रिक वीमाको आय व्यय हिसाब

रकम (रु)

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | ९७६,३२० | ६३७,२७५ |
| २ | पुनर्बीमा कमिशन आय | | ३,६४२,६२५ | २,९५५,५९४ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | २५५,०३६ | ३२३,६१२ |
| ४ | अन्य प्रत्यक्ष आय | | | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | | ६६,२२४ | १४०,९७१ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत ब्यवस्था | | २०६,९४२ | २३६,०५४ |
| | जम्मा आय (क) | | ५,१४७,१४६ | ४,२९३,५०६ |
| | व्यय | | | |
| ७ | दावी भुक्तानी (खूद) | ३ | १४८,४८९ | २५५,६१९ |
| ८ | अभिकर्ता कमिशन | | ७७१,२१७ | ४५८,२७५ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | १८२,७२९ | २२,१६२ |
| १० | सेवा शुल्क (खूद) | ४ | १८,७१३ | ७,३५८ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | |
| १२ | व्यवस्थापन खर्च | ५ | १,१८१,४७२ | ७७३,६७४ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | १३३,४८५ | ६६,२२४ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ४८८,१६० | ३१८,६३७ |
| | जम्मा व्यय (ख) | | २,९२४,२६३ | १,९०१,९५० |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) ( (ख) | | २,२२२,८८३ | २,३९१,५५५ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको मोटर वीमाको आय व्यय हिसाब

रकम (रु)

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | २७३,६९१,५८६ | १९८,०२७,९२८ |
| २ | पुनर्बीमा कमिशन आय | | ९,७६९,३४१ | ७,८८५,४६७ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | १६,५३८,८५७ | १७,०४९,२५१ |
| ४ | अन्य प्रत्यक्ष आय | | | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत व्यवस्था | | ६३,५३५,१७९ | ८१,६३३,४१२ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | | ९९,०१३,९६४ | १०७,२५४,०८१ |
| | जम्मा आय (क) | | ४६२,५४८,९२६ | ४११,८५०,१४० |
| | व्यय | | | |
| ७ | दावी भुक्तानी (खूद) | ३ | १३६,७६४,५२० | १८६,४४५,९८३ |
| ८ | अभिकर्ता कमिशन | | २०,६७८,०६२ | ९,०९१,३३१ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | ४,६१९ | - |
| १० | सेवा शुल्क (खूद) | ४ | २,७३७,१५५ | १,९७४,८६४ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | |
| १२ | व्यवस्थापन खर्च | ५ | ४४,४३२,०६० | ३१,१७७,७०१ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ८४,४३६,१०६ | ६३,५३५,१७९ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | १३६,८४५,७९३ | ९९,०१३,९६४ |
| | जम्मा व्यय (ख) | | ४२५,८९८,३१५ | ३९१,२३९,०२१ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) (ख) | | ३६,६५०,६१० | २०,६११,११८ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९।७० सालको विविध बीमाको आय व्यय हिसाब

रकम (रु)

| क.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | ५,६५८,१२६ | ३,१००,६६० |
| २ | पुनर्बीमा कमिशन आय | | ६,२३३,४५९ | ३,६३७,७४५ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ५४६,२९६ | ४९८,७८८ |
| ४ | अन्य प्रत्यक्ष आय | | - | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत व्यवस्था | | ३७५,०९३ | ५८९,८६० |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | | १,५५०,३३० | १,२९०,२८८ |
| | जम्मा आय (क) | | १४,३६३,३०४ | ९,११७,३४० |
| | व्यय | | | |
| ७ | दावी भुक्तानी (खूद) | ३ | १,१९७,५८१ | ८१२,०७३ |
| ८ | अभिकर्ता कमिशन | | २,९०९,७२४ | १,८५७,२११ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | १७८,१७० | ११९,६७० |
| १० | सेवा शुल्क (खूद) | ४ | ६५,३१४ | ४१,८३८ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | |
| १२ | व्यवस्थापन खर्च | ५ | ३,२६४,२०४ | २,०१०,८०३ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | १,०६२,७५८ | ३७५,०९३ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | २,८२९,०६३ | १,५५०,३३० |
| | जम्मा व्यय (ख) | | ११,५०६,८१३ | ६,७६७,०१९ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) (ख) | | २,८५६,४९१ | २,३५०,३२१ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज बैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आर्थिक बर्ष २०६९/७० सालको इन्जिनियरीङ्ग वीमाको आय व्यय हिसाब

रकम (रु)

| क.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | आय | | | |
| १ | बीमाशुल्क (खूद) | १ | १,९५२,३१३ | १,९७९,५९२ |
| २ | पुनर्बीमा कमिशन आय | | ८,३७२,१६० | ४,७१८,९३९ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | ४६९,५७९ | ५४३,६५२ |
| ४ | अन्य प्रत्यक्ष आय | | | |
| ५ | आर्थिक बर्षको शुरुको भूक्तानी हुन बाँकी दावी वापत व्यवस्था | | १,५४६,५९५ | १,०६३,२२५ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | | ९८९,७९६ | १,०१६,८२४ |
| | जम्मा आय (क) | | १३,३३०,४४३ | ९,३२२,२३१ |
| | व्यय | | | |
| ७ | दावी भुक्तानी (खूद) | ३ | १,१७५,४५३ | ३९५,१६१ |
| ८ | अभिकर्ता कमिशन | | ३,२३२,९८७ | १,९४३,३९४ |
| ९ | पुनर्बीमा कमिशन खर्च | | २५९,४२० | ८६,०८० |
| १० | सेवा शुल्क (खूद) | ४ | ३५,८४३ | २०,७३१ |
| ११ | अन्य प्रत्यक्ष खर्च | | | |
| १२ | व्यवस्थापन खर्च | ५ | ३,६९८,३४९ | २,४६३,३०५ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | ७९३,८२९ | १,५४६,५९५ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | ९७६,१५६ | ९८९,७९६ |
| | जम्मा व्यय (ख) | | १०,१७२,०३८ | ७,४४५,०६४ |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत . (क) (ख) | | ३,१५८,४०५ | १,८७७,१६७ |

अनुसूची १ देखि ६ सम्म यसका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शेखर बराल<br>महाप्रवन्धक | चिन्तामणि भट्टराई<br>सञ्चालक | सुरज वैद्य<br>सञ्चालक | मनोहर दास मूल<br>अध्यक्ष |
| शङ्कर घिमिरे<br>सञ्चालक | अरुण राज श्रेष्ठ<br>सञ्चालक | विश्वराज रेग्मी<br>सञ्चालक | कमल भट्टराई<br>सञ्चालक |
| | गणेश कुमार कापर<br>बरिष्ठ प्रबन्धक (वित्त) | प्रताप कुमार आचार्य<br>सञ्चालक | सि.ए. कोमल चित्रकार<br>के.बि. चित्रकार एण्ड कं. |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

आ. व. २०६९।७०

## वित्तीय विवरणको अभिन्न अंगको रुपमा रहने अनुसूचीहरु

### अनुसूची-१

**(क) बीमाशुल्क (खुद)**

रकम (रु)

| क.सं. | बीमाको किसिम | कूल बीमाशुल्क | | पुनर्बीमा शुल्क भुक्तानी (Ceded) | | बीमाशुल्क (खूद) | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | अग्नी | ६५,१३४,२४० | ४०,४६९,०१९ | ४६,८७७,९९८ | २९,५५५,१७६ | १८,२५६,२४२ | १०,९१३,८४३ |
| २ | सामुद्रिक | १०,९४२,०६४ | ६,२४७,६२२ | ९,९६५,७४४ | ५,६१०,३४७ | ९७६,३२० | ६३७,२७५ |
| ३ | मोटर | ३६९,५४४,४३७ | २४२,३९१,८२७ | ९५,८५२,८५१ | ४४,३६३,८९९ | २७३,६९१,५८६ | १९८,०२७,९२८ |
| ४ | इन्जिनियरीङ्ग | ३३,९०१,२८२ | २०,३७६,१२६ | ३१,९४८,९६९ | १८,३९६,५३४ | १,९५२,३१३ | १,९७९,५९२ |
| ५ | विविध | २९,४३१,७७५ | १६,९०३,९०७ | २३,७७३,६४९ | १३,८०३,२४८ | ५,६५८,१२६ | ३,१००,६६० |
| | जम्मा | ५०८,९५३,७९८ | ३२६,३८८,५०१ | २०८,४१९,२११ | १११,७२९,२०४ | ३००,५३४,५८६ | २१४,६५९,२९७ |

**ख) कुल बीमाशुल्क**

रकम (रु)

| क.सं. | बीमाको किसिम | प्रत्यक्ष बीमाशुल्क | | प्राप्त पुनर्बीमा शुल्क (Accepted) | | कूल बीमाशुल्क | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | अग्नी | ६२,९५७,२२४ | ३९,३६८,४४७ | २,१७७,०१६ | १,१००,५७२ | ६५,१३४,२४० | ४०,४६९,०१९ |
| २ | सामुद्रिक | १०,०४७,१२४ | ६,१४९,०५४ | ८९४,९४० | ९८,५६८ | १०,९४२,०६४ | ६,२४७,६२२ |
| ३ | मोटर | ३६९,५२०,५०६ | २४१,८५०,२७० | २३,९३० | ५४१,५५७ | ३६९,५४४,४३७ | २४२,३९१,८२७ |
| ४ | इन्जिनियरीङ्ग | ३२,२६९,२५२ | १९,८७६,०३५ | १,६३२,०३० | ५००,०९१ | ३३,९०१,२८२ | २०,३७६,१२६ |
| ५ | विविध | २८,५३७,४५२ | १६,९०३,९०७ | ८९४,३२३ | - | २९,४३१,७७५ | १६,९०३,९०७ |
| | जम्मा | ५०३,३३१,५५९ | ३२४,१४७,७१२ | ५,६२२,२३९ | २,२४०,७८९ | ५०८,९५३,७९८ | ३२६,३८८,५०१ |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

आ. व. २०६९।७०

अनुसूची–२

## लगानी, कर्जा तथा अन्यबाट आय

रकम (रु)

| क.सं. | विवरण | | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| १ | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीबाट आय | | २,३९४,३७० | १,२६४,२२१ |
| २ | वाणिज्य बैंकको मुद्दती निक्षेपबाट आय | | १५,८२२,७०७ | २०,१५६,२४१ |
| ३ | विकास बैंकको मुद्दती निक्षेपबाट आय | | ५,१४८,२२४ | ४,००५,६५१ |
| ४ | नागरिक लगानी योजनाबाट आय | | - | |
| ५ | वित्तीय संस्थाको मुद्दती निक्षेपबाट आय | | ३,२२१,६५९ | ३,४१५,३२४ |
| ६ | पब्लिक कम्पनीको साधारण शेयरबाट लाभांश | | - | |
| ७ | अग्राधिकार शेयरबाट लाभांश | | | |
| ८ | बैंक तथा वित्तीय संस्थाको डिवेन्चरबाट आय | | ८००,००० | ८००,००० |
| ९ | अन्यबाट आय | | ६४५,३६२ | ८३२,३७३ |
| ९.१ | शेयर निष्काशन आम्दानी | | - | - |
| ९.२ | विविध आम्दानी | | ६४५,३६२ | ८३२,३७३ |
| १० | कर्जाबाट आय | | | - |
| ११ | अन्य निक्षेपबाट (मुद्दती बाहेक) आय | | २,९९७,८२५ | ३,४०४,९५३ |
| १२ | लगानी बिक्रीमा नाफा | | | |
| | न्यून लगानी बिक्रीमा नोक्सान | | | |
| १३ | लगानी (खरीद) मा नाफा | | | |
| | न्यून लगानी (खरीद) मा नोक्सान | | | |
| १४ | स्थिर सम्पत्ती बिक्रीबाट नाफा | | | |
| | न्यून स्थिर सम्पत्ती बिक्रीबाट नोक्सान | | | |
| १५ | खाता अपलेखन | | | |
| १६ | अघिल्ला वर्षसंग सम्बन्धित आय | | | |
| १७ | अन्य आय | | | |
| | जम्मा | | ३१,०३०,१४७ | ३३,८७८,७६२ |
| लगानी, कर्जा तथा अन्यबाट आयको बाँडफाँड | | | | |
| १ | नाफा नोक्सान हिसाबमा सारेको | | ११,४८३,६१७ | १३,३७५,५४६ |
| २ | अग्नी बीमाको आय व्यय हिसाबमा सारेको | | १,७३६,७६३ | २,०८७,९१४ |
| ३ | सामुद्रिक बीमाको आय व्यय हिसाबमा सारेको | | २५५,०३६ | ३२३,६१२ |
| ४ | मोटर बीमाको आय व्यय हिसाबमा सारेको | | १६,५३८,८५७ | १७,०४९,२५१ |
| ५ | विविध बीमाको आय व्यय हिसाबमा सारेको | | ५४६,२९६ | ४९८,७८८ |
| ६ | इन्जिनियरीङ्ग बीमाको आय व्यय हिसाबमा सारेको | | ४६९,५७९ | ५४३,६५२ |
| | जम्मा | | ३१,०३०,१४७ | ३३,८७८,७६२ |

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

## आ. व. २०६९।७०

अनुसूची–३

## दावी भुक्तानी

रकम (रु)

| क्र. सं. | बीमाको किसिम | चालु आ.व.मा परेको दावी भुक्तानी | | एक आ.व.अघि परेको दावी भुक्तानी | | दुई आ.व.अघि परेको दावी भुक्तानी | | तीन आ.व.अघि परेको दावी भुक्तानी | | चार आ.व.वा सो दावी भुक्तानी | | कूल दावी भुक्तानी दावी भुक्तानी | | कूल दावी भुक्तानी दावी भुक्तानी | | कुल दावी भुक्तानी (खुद) दावी भुक्तानी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | | | | | | | | | | | | | यस वर्ष | गत वर्ष |
| १ | अग्नी | २४२,५२५ | ८७४,१२९ | ५६५,५१२ | १,१४४,२६० | २११,९५७ | - | - | ८,८४५ | - | - | १,०१९,९९४ | २,०२७,२३४ | २८७,१९१ | ९९४,०६५ | ७३२,८०४ | १,०३३,१६९ |
| २ | सामुद्रिक | २,९४४,९५५ | ७१६,५०६ | - | ६८९,१८६ | - | ४८,२५५ | - | - | - | - | २,९४४,९५५ | १,४५३,९४७ | २,७९६,४६६ | १,१९८,३२८ | १४८,४८९ | २५५,६१९ |
| ३ | मोटर | ७१,९२२,४०९ | १०२,०३१,८२१ | ६०,६१०,७८५ | ८३,४४६,८१८ | १०,३९२,३२४ | १७,६८१,७८९ | ४,२४१,०७७ | १,८४७,०१६ | - | ५४०,००० | १४७,१६६,५९६ | २०५,५४७,४४४ | १०,४०२,०७६ | १९,१०१,४६२ | १३६,७६४,५२० | १८६,४४५,९८३ |
